जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २६९ पृष्ठः ४ | २०८२ फाल्गुन ०६ बुधबार (Wednesday 18 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गरी खान देऊ भन्दै सिरहामा अपाङ्गता भएका व्यक्तिहरू १३ दिनदेखि धर्नामा



सिरहा, ५ फाल्गुन। जिल्ला प्रशासन कार्यालय सिरहा अगाडि अपाङ्रुगता भएका व्यक्तिहरू १३ दिनदेखि धर्नामा बसेका छन्। 'रोजगारी देऊ वा गरी खान देऊ' भन्ने नारासहित उनीहरूले आफ्नो जीविकोपार्जनको अधिकार सुनिश्चित गर्न माग गरेका छन्। चुनाव नजिकिँदै गर्दा सुरु भएको यस आन्दोलनमा सहभागीहरूका अनुसार उनीहरू विगत केही वर्षदेखि सीमावर्ती बजारबाट किराना सामग्री ल्याएर सिरहाका विभिन्न स्थानमा सानो स्तरमा बिक्री-वितरण गर्दै आएका थिए। यही व्यवसायबाट परिवारको खर्च धान्दै आएका उनीहरू पाँच महिनायता प्रशासनले सामग्री ल्याउन रोक लगाएपछि आम्दानी पूर्ण रूपमा बन्द भएको बताउँछन्।

सिरहा नगरपालिका-७ का लक्ष्मेश्वर कामती भन्छन्, 'हामीले सानोतिनो व्यापार गरेर परिवार पालिरहेका थियौं। ठूलो तस्करी गर्नेहरू त खुलेआम छन्, तर हामीजस्ता साना व्यापारीलाई मात्र रोक लगाइयो। अहिले घर चलाउनै गाह्रो भएको छ।' अर्का आन्दोलनरत सूर्यदेव सहनीले भने, 'हाम्रो माग धेरै होइन, दुईवटा मात्रै हो। हामीलाई गरिखान देऊ वा रोजगारी देऊ। पाँच महिनादेखि प्रशासनले रोक लगाएपछि बाध्य भएर १३ दिनदेखि आन्दोलनमा उत्रेका हौं। चार जना छोराछोरी छन्, हाम्रो गुजारा नै यहीबाट चल्थ्यो। अहिले सबै सडकमा आएका छन्। तीनै तहका सरकारले हाम्रो व्यवस्थापन गर्नुपर्छ।'

धर्नामा बसेकी सञ्जु कामती भन्छिन्, 'हामीलाई हरेक चुनावमा भोटका लागि प्रयोग गरिन्छ, तर रोजगारीको सुनिश्चितता कसैले गर्दैन। चुनाव आउँदा गरिब तथा अतिविपन्न परिवारका लागि धेरै सपना बाँडिन्छन्, तर अहिले हामी १३ दिनदेखि सडकमा छौं, कसैले सोध्नसमेत आएको छैन।' स्थानीय प्रवेश लामाका अनुसार सिरहामा विभिन्न माध्यमबाट तस्करी

-बाँकी दुई पेजमा

## घरबाटो सिफारिसकै लागि दुई महिनादेखि अड्डा-अड्डा भौतारिरहेका विनोद

जिल्ला प्रशासन कार्यालयमा उनी नागरिकता बनाउन वा अरू केही प्रमाणपत्र बनाउन आएका होइनन्, आफ्नो वडा कार्यालयबाट पाउनुपर्ने घरबाटो सिफारिस नपाएपछि उनी यहाँ गुहार्न आइपुगेका हुन्।



**विनय आजाद**

सिरहा, ५ फाल्गुन। जिल्ला प्रशासन कार्यालय, सिरहाको परिसरभित्र पश्चिमपट्टि एउटा क्यान्टिन छ। त्यस क्यान्टिनमा सोमबार कोही खाजा खाँदै थिए, कोही चिया गफ गर्दै थिए। तर, एक जना भने एकान्तमा हातमा कागजात बोकेर निराश मुद्रामा त्यसै बसिरहेका भेटिए। उनी थिए- कल्याणपुर नगरपालिका-८ मझौलियाका ५२ वर्षीय विनोद मण्डल। जिल्ला प्रशासन कार्यालयमा उनी नागरिकता

-बाँकी तीन पेजमा

## १० वर्षदेखि अलपत्र पुलको ठेकेदार रास्वपाका उम्मेदवार

**गोविन्द महतो**

जनकपुरधाम, ५ फाल्गुन। आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा विकास र समृद्धिको नारासहित धनुषा-१ का उम्मेदवार किशोरी साह 'कमल' जनतासामु मत मागिरहेका छन्। उनले समृद्धि र विकासको नारासहित जनताको घरदैलोमा मत मागिरहँदा उनको कम्पनीले भने १० वर्षअघि कबोल गरेका निर्माण योजनाहरू अलपत्र छाडेका छन्। धनुषाको जलाद नदीमा पुल सुरु भएको ९ वर्षभन्दा बढी भइसक्यो। दुई वर्षमै सकिने गरी छिरेश्वरनाथ नगरपालिका-७ र ९ तथा मिथिला मध्यमा परिक्रमा सडकअन्तर्गत जलाद खोलाको पुल निर्माण थालिएको हो। तर, पुल



अलपत्र छ। धनुषाको छिरेश्वरनाथ नगरपालिका-७, इच्छापुरस्थित जलाद नदीमा पुल निर्माणको काम अलपत्र छाड्ने पुल निर्माणको ठेक्का पप्पु कमल जेभी निर्माण कम्पनीले पाएको छ। जसको मालिक हुन् पूर्वजनमत पार्टीका प्रतिनिधिसभा सदस्य उम्मेदवार तथा जनमत परित्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टीको उम्मेदवार भएका किशोरी साह 'कमल' !

पुल बनाउने जिम्मा किशोरी साह 'कमल' को पप्पु कमल जेभी निर्माण कम्पनीले पाएको छ। यो जोइन्ट भेन्चर कम्पनीका दुई साहुजीमध्ये उनी एक हुन्। मिथिलामध्यमा परिक्रमा सडकखण्डसँग जोडिएको जलाद नदीमा पुल निर्माणमा ढिलाइ हुँदा इच्छापुर, दिगम्बरपुर, पर्वता, उमाप्रेमपुरलगायत दर्जनौं गाउँका बासिन्दा समस्या भोग्दै आएका छन्। वर्षायाममा ज्यान जोखिममा राखेर खोला तर्नुपर्ने बाध्यता रहेको जनमत पार्टीका नेता अमृत महतो बताउँछन्। उनले भने, 'पुल नबन्दा हरेक वर्ष वर्षायाममा नदीले बगाएर सर्वसाधारणले ज्यान गुमाउने गरेको

-बाँकी तीन पेजमा




## निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन।
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आ नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स-एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन।
- निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन।
- निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## काठमाडौं महानगरपालिका सबैभन्दा कमजोर

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले विभिन्न १७ सूचकका आधारमा गरेको कार्य सम्पादन मूल्याङ्कनमा काठमाडौं महानगरपालिका देशका ६ महानगरपालिकामध्ये सबैभन्दा कमजोर देखिएको छ। वित्तीय अनुशासनको अभाव तथा विकास योजना तर्जुमामा गरिएको हेलचेक्र्याइँजस्ता कमजोरीका कारण काठमाडौं महानगरपालिका गत वर्षको मूल्याङ्कनमा सबैभन्दा पछाडि परेको हो ।

आयोगको मूल्याङ्कनमा विराटनगर पहिलो स्थानमा छ भने ललितपुर महानगरपालिका दोस्रो स्थानमा रहेको छ। यसैगरी भरतपुर तेस्रो,पोखरा चौथो, वीरगन्ज पाँचौं र काठमाडौं अन्तिम स्थानमा रहेका छन्। आयोगले प्रत्येक वर्ष स्थानीय तहहरूले गर्ने खर्च, राजस्व सङ्कलन, बजेट व्यवस्थापन र सेवा प्रवाह, वित्तीय अनुशासनजस्ता विषयमा गरेको काममा आधारमा स्थानीय तहहरूको मूल्याकंन गर्छ।

नेपालको संविधान, २०७२ को अनुसूची–८ मा स्थानीय तहको अधिकारको सूचीअन्तर्गत २२ वटा विषयहरू उल्लेख गरिएका छन्। तिनमा नगर प्रहरीदेखि विभिन्न कर संकलन, स्थानीय सेवाको व्यवस्थापन, शिक्षा, स्वास्थ्य, स्थानीय सडक, सिँचाइ, भूमि व्यवस्थापनदेखि भाषा संस्कृतिसम्म गरी लगभग नागरिकका दैनिक जीवनमा सरोकार राख्ने विषय रहेको देखिन्छ।

स्थानीय तहलाई सुम्पिएको दायित्व पूरा गर्नका लागि संविधानले नै राष्ट्रिय स्रोतमा पहुँच सुनिश्चित पनि गरेको छ। त्यसको आवश्यक व्यवस्था मिलाउन संविधानमै राष्ट्रिय प्राकृतिक स्रोत तथा  वित्त आयोग नामको संवैधानिक निकाय रहन्छ। त्यही आयोगले निश्चित आधारमा गरेको मूल्याङ्कनमा काठमाडौं महानगरपालिका कार्यसम्पादनमा सबैभन्दा कमजोर हुनपुगेको देखिन्छ। संविधानले तोकेको समयमा बजेटसम्म पनि ल्याउन नसक्नुजस्ता कमजोरीले महानगरपालिकाको कार्यपालिका आफ्नो जिम्मेवारीमा नराम्ररी चुकेको देखिएको छ। यसका लागि कार्यपालिकाका सबै सदस्य जिम्मेवार होलान् तर मूख्य कमजोरी भने महानगरपालिकाका प्रमुख र उपप्रमुखकै हो।

हुन त काठमाडौं महानगरपालिका देश संघीयतामा गएपछि नै कार्यसम्पादनमा कमजोर देखिँदै आएको हो। विशेषगरी विकास बजेट खर्च गर्न नसक्ने राष्ट्रिय कमजोरी काठमाडौं महानगरपालिकामा देशका अरू अरू स्थानीय तहभन्दा बढी नै रहिआएको थियो। त्यसमाथि पछिल्लो निर्वाचनपछि त यो महानगरपालिका अराजकता र भद्रगोलको पर्याय नै बनेको छ।

विशेषगरी बेरुजु फर्स्योटलगायतका वित्तीय अनुशासनको बेवास्ता गर्ने प्रवृत्तिले भ्रटाचार बढाउँछ। आयोगका अनुसार काठमाडौं महानगरपालिकाले बेरुजु फर्स्योटमा शून्य अङ्क पाएको छ। वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न गरिने समयावधिलगायत संवैधानिक तथा कानुनी प्रावधानहरूको पालना गर्न अटेर गर्दा सम्पूर्ण संस्था नै अराजकताको भुमरीमा पर्छ। दुर्भाग्य, काठमाडौं महानगरपालिका यी दुवै कमजोरीमा सबैभन्दा अगाडि देखिएको छ।

काठमाडौं महानगरपालिकाले कार्यसम्पादनमा सबैभन्दा कमजोर बनाउन नेतृत्व गर्ने प्रमुखबाट मुक्ति पाएको छ। यस वर्षको कार्यसम्पादनमा जेन–जी आन्दोलन र निर्वाचनले पक्कै केही अवरोध हुन्छ। तै पनि, अब बाँकी रहेको समयमा काठमाडौं महानगरपालिकाको कार्यपालिका गम्भीर र सक्रिय भएमा पक्कै पनि विगतका वर्षहरूमा भन्दा राम्रो नतिजा हासिल हुनेछ। कामना गरौँ, काठमाडौं महानगरपालिका पनि कम्तीमा ललितपुरको जति अङ्क ल्याउन सफल हुनेछ।

### गरी खान देऊ ...

भइरहेको चर्चा भए पनि सानो स्तरमा गुजारा चलाउनेहरूलाई मात्र कडाइ गरेर दुःख दिइएको छ। कानुन सबैका लागि बराबर हुनुपर्ने उनको सुझाव छ। उनले भने, 'ठूलालाई चैन र सानालाई ऐनजस्तो गर्नु हुँदैन। ठूला गिरोह चलिरहने तर गरिखाने वर्गलाई रोक लगाउने प्रवृत्ति उचित होइन।'

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले भने बिना भन्सार कानुनविपरीत सामग्री ल्याइएकाले रोक लगाइएको स्पष्ट पारे। 'भन्सार काटेर ल्याउन चाहे अहिले पनि ल्याउन सकिन्छ तर बिना भन्सार कानुनविपरीत कार्य भएकाले रोक लगाइएको हो,' उनले भने। आन्दोलनरत पक्षले भने कानुनी प्रक्रिया स्पष्ट पारेर साना व्यवसायीलाई सहजीकरण गर्नुपर्ने माग राखेका छन्। वैकल्पिक रोजगारीको व्यवस्था नगरी आयआर्जन बन्द गरिँदा परिवारमा खाद्यान्न अभावसमेत सिर्जना भएको उनीहरूको भनाइ छ।

# एजेण्डाविहीन निर्वाचन : 'भाइरल' भीडतन्त्रको छायामा लोकतन्त्र

**विवेक गौतम**

नेपाली राजनीति अहिले एउटा यस्तो गम्भीर र अराजक मोडमा आइपुगेको छ, जहाँ तर्कभन्दा आवेग र नीतिभन्दा 'एल्गोरिदम' प्रभावी बनेको छ। भदौ २३ को जेनजी आन्दोलन र २४ गतेको ध्वंसात्मक उपद्रोपछि प्रतिनिधिसभा विघटन भएर मुलुक नयाँ निर्वाचनको सँघारमा उभिएको छ। तर, यो निर्वाचनको पूर्वसन्ध्यामा कुनै पनि राजनीतिक दल वा उम्मेदवारमा देश निर्माणको ठोस मार्गचित्र र नीतिगत बहसको उत्सुकता देखिँदैन। चुनाव नजिकिँदै गर्दा पनि यो मुलुकमा एजेण्डाको बहस देखिँदैन। नीति, कार्यक्रम, वैकल्पिक दृष्टिकोण र दीर्घकालीन रोडम्यापको ठाउँ गाली, धम्की, अतिरञ्जना र भावनात्मक उत्तेजनाले लिएको छ ।

नयाँ भनिने शक्तिहरू केवल 'पुरानालाई पाताल पुऱ्याउने' जस्ता उत्तेजक नारा दिएर जनताको असन्तुष्टि र आक्रोशमाथि राजनीति गरिरहेका छन्। तर, उनीहरू स्वयं के गर्न चाहन्छन्, कसरी गर्न चाहन्छन् र कुन संरचनाभित्र बसेर गर्न चाहन्छन् भन्ने प्रश्नमा पूर्ण मौन छन्। प्रधानमन्त्रीका रूपमा रास्वपाले अघि सारेका बालेन्द्र शाहको राजनीतिक शैली यसको ज्वलन्त उदाहरण बनेको छ। उनी कुनै सार्वजनिक बहसमा आउँदैनन्, पत्रकारका प्रश्नको जवाफ दिँदैनन्, मतदातासँग खुला अन्तरक्रिया गर्दैनन्। दक्षिण भारतीय फिल्मका 'एंग्री यङ्गम्यान' को शैलीमा भीडका बिच घुम्छन्, फोटो खिच्छन्, नारा सुन्छन् र अघि बढ्छन् ।

लोकतन्त्र फिल्म होइन। प्रधानमन्त्री अभिनय गर्ने पात्र होइन, नीति बनाउने, प्रश्न सहने र जवाफ दिनुपर्ने संवैधानिक पद हो। बालेन शाह प्रधानमन्त्री भए भने उनको कृषि नीति के हुन्छ ? किसानको मल, सिँचाइ, बजार र मूल्यको समस्या कसरी समाधान हुन्छ ? शिक्षा क्षेत्रलाई निजीकरण र अव्यवस्थाबाट कसरी जोगाइन्छ ? स्वास्थ्य क्षेत्रको चरम महँगी, जनशक्तिको अभाव र राज्यको कमजोर उपस्थितिलाई कसरी सुधारिन्छ ? धराशायी बन्दै गएको स्वास्थ्य बिमा कार्यक्रमलाई बचाउने उनीसँग ठोस योजना के छ ? भारत–चीन–पश्चिमबिच नेपालको संवेदनशील भूराजनीतिक सन्तुलन उनले कसरी कायम गर्छन् ? परराष्ट्र नीतिलाई उनले कसरी सञ्चालन गर्छन् ? बेरोजगारी अन्त्य भाषणबाट गर्छन् कि उत्पादन र लगानीबाट ? आर्थिक विकास नारा होइन, संरचना र सुधारबाट हुन्छ, यसको खाका उनीसँग के छ ? यी प्रश्नको उत्तर अहिलेसम्म कतै भेटिँदैन।

'भावी प्रधानमन्त्री' घोषणा गरिएका बालेन्द्रबाट एजेण्डा सुन्न मतदाता आतुर छन्। तर, उनी केही बोल्दैनन्। नेपालको जटिल भूराजनीतिक सन्तुलन कसरी कायम गर्ने र परराष्ट्र सम्बन्धलाई कसरी राष्ट्रिय हितमा प्रयोग गर्ने भन्ने गम्भीर विषयमा उनीमाथि प्रश्न छ। विगतमा छिमेकी मुलुकहरूलाई अश्लील गाली गर्दै मध्यरातमा फेसबुकमा स्ट्याटस लेख्ने उनको शैली कायम रहे नेपाल कहाँ पुग्ला ? भू–राजनीतिक सन्तुलन कायम गर्ने मार्गचित्र अहिलेसम्म आएको छैन। केवल 'ग्ल्यामर' को भरमा प्रधानमन्त्री बन्ने योजनामा देखिन्छन् उनी।

आफ्नी श्रीमती चढेको गाडी चेकजाँचका लागि प्रहरीले रोक्दा सिंहदरबार जलाइदिन्छु भन्ने अभिव्यक्ति दिने उनले समर्थन गरेको आन्दोलनमा सिंहदरबार जलाइयो। सिंहदरबार, सर्वोच्च अदालत र संसद् भवनसहितका देशभरका संरचना जलिरहँदा त्यसलाई रोक्ने प्रयास त बलेको आगो निभाउन काठमाडौँ महानगरले दमकल नपठाएको प्रश्न उठेको छ। सर्वोच्च अदालतमा बलेको आगो २ दिनपछि ललितपुर महानगरको दमकलले निभाएको खुलासा प्रधानन्यायाधीशले नै गरिसकेका छन्। तर, यसको जवाफ बालेनले तथ्य र तर्कसङ्गत रूपमा दिएनन्। बरु दमकल परिचालनको जिम्मा पाएका महानगर प्रहरी प्रमुख राजु पाण्डेलाई उम्मेदवार बनाइदिए उनले ।

आन्दोलनमा पानी बाँड्दै हिँडेका पाण्डेलाई दमकलसँग कसैले देखेनन्। आन्दोलनमा दर्जनौँ जेनजी युवाहरूको हत्या भयो। तर, बालेन न त उनीहरूलाई श्रद्धाञ्जली दिए, न घाइतेहरूलाई सान्त्वना दिन अस्पताल पुगे। आज जेनजीको रगतको ब्याज खाएर प्रधानमन्त्री बन्ने सपना भने उनी देखिरहेका छन्। विगतको नेतृत्वले गल्ती गरेकै कारण मुलुक अहिलेको अवस्थामा आइपुगेको हो। त्यसको उचित सजाय गलत गर्नेले पाउनुपर्छ, पाइरहेकै छन्। तर, नेपालको लामो लोकतान्त्रिक आन्दोलनको अगुवाइ गरेका राजनीतिक दलहरूलाई नै राक्षसीकरण गरेर विगतका सबै उपलब्धिहरूलाई शून्य घोषित गर्ने खतरनाक भाष्य निर्माण गरिएको छ ।

विकास भएको ठाउँमा 'सडक र पुल मात्र बनाएर हुन्न' भनिन्छ। तर, जहाँ धुलाम्मे गोरेटो मात्र छ, त्यहाँ 'अहिलेसम्म बाटो नै बनाएनन्' भनेर गाली गरिन्छ। यो विरोधाभास होइन, बौद्धिक बेइमानी हो। जसले समाजलाई केवल घृणा र द्वन्द्वतर्फ धकेलिरहेको छ। नयाँ र पुराना भन्दै खडा गरिएको द्वन्द्वले समाज नै विभाजित हुने अवस्थामा पुग्दैछ। राजीनितक रूपमा ०४८ पछि नेपाली काँग्रेस र एमालेका कार्यकर्ताबिचमा रहेको जस्तै असहिष्णुता समाजमा बढ्दै गएको देखिन्छ। त्यसलाई सामाजिक सञ्जालले अझै मलजल गरिरहेको छ ।

राजनीति, संविधान, संसद्, परराष्ट्र नीति, नेपालको भूगोल र बहुजातीय–बहुसांस्कृतिक चरित्रबारे सामान्य ज्ञानसमेत नभएकाहरू अहिले 'देश बनाउने अभियन्ता' बनेका छन्। अवस्था यस्तो बन्दैछ, देश बनाउने ठेक्का उनीहरूले मात्र पाएका छन्, अरूले देश बनाउँछु भन्न पनि पाउँदैन। एल्गोरिदम र सामाजिक सञ्जालको प्रभावमा मतदाताको मनोविज्ञान नै करिब–करिब कब्जा गरिएको छ। संसद्मा कति सदस्य हुन्छन् भन्ने थाहा नपाएकाहरू कानुन बनाउने आकांक्षासहित भीडको अगाडि उभिएका छन्। उनीहरूकै पछाडि एक खालको उन्मादी भिड लाग्न खोजेको छ।

संविधान फाल्ने कि राख्ने अन्योलमा रहेका, 'चुनाव हुन दिन्न' भन्नेहरू आज चुनावमै मत माग्दै हिँडिरहेका छन्। अनौठो विषय, तिनको जयजयकार गर्ने समूह पछाडि देखिन्छ। जेनजी आन्दोलनको नाममा घुसपैठ गरेर सिंहदरबार, संसद् भवन र ऐतिहासिक संरचनामा आगो लगाउँदा खुशी मनाउनेहरू आगजनीबारे प्रश्न गर्दा 'सयौँ सिंहदरबार बनाउँछौं' भन्दै थिए। आज तिनै हातहरूले 'क्युआर कोड' बोकेर मतदातासँग चुनावी चन्दा पनि मागिरहेका छन्। संसद् जलाउन जानेहरू संसद् बन्न उम्मेदवार बनेका छन्।

चर्का कुरा, खोक्रो आत्मविश्वास र जिम्मेवारीबाट भाग्ने शैली उनीहरूको साझा परिचय बनेको छ। सार्वजनिक सम्पत्तिमा आगो लगाउने र हजारौँलाई रोजगारी दिने निजी क्षेत्रका व्यापारिक घरानाहरूमाथि हमला गर्नेहरू नै आज रोजगारी सृजनाको गफ दिइरहेका छन्। दशकौँसम्म पुराना दलमा बसेर पद र प्रतिष्ठाको फाइदा उठाएकाहरू अहिले नयाँको खोल ओढेर आफू 'पवित्र' बनेको ढोङ गरिरहेका छन्। यस्तो लाग्छ, नयाँ भनिएका दल वासिङ मेसिन हुन्, जहाँ पुगेपछि सात खुन पनि माफ हुन्छ। जस्तोसुकै अपराध गर्ने खलनायक पनि नायक बन्छ । आफू जनप्रतिनिधि हुँदा जनताको पक्षमा कुनै ठोस काम नगरेका, आफ्नो क्षेत्रमा देखिने गरी कुनै जिम्मेवारी पूरा नगर्नेहरू अहिले 'नयाँ नेपाल' को सपना बेचिरहेका छन् ।

यस सम्पूर्ण प्रक्रियालाई सामाजिक सञ्जालको एल्गोरिदमले झन् खतरनाक बनाएको छ। एल्गोरिदमले देखाएको भाषामा कतिपय मतदाता बोल्न थालेका छन्। प्रश्न र अपेक्षा होइन, ट्रेन्डिङ गाली दोहोरिन्छ। जेनजी युवाहरुले सुशासन, समृद्धि र सामाजिक न्यायको मुद्दा उठाएका थिए। मुलुकको स्थिर शासनका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी शासन प्रणालीबारे पनि आवाज उठेको थियो। तर, त्यसबारे नयाँ भनिएका दलहरूले कुनै एजेण्डा अहिलेसम्म बताएका छैनन्। बरु विगतमा संघीयता र प्रदेश आवश्यक छैन भन्ने बालेन शाह अहिले मतदाता फकाउन संघीयता बलियो बनाउनुपर्ने बताउन थालेका छन्।

विगतमा गरिब र निमुखा सुकुम्बासीको बस्तीमा डोजर चलाएका उनी अहिले सुकुमबासी बस्तीमा पुगेर मतदाता फकाइरहेका छन्। कहिले मन्दिर र कहिले चर्चमा पुगेर आफ्नो जितको प्रार्थना गरिरहेका छन्। तर, जितेर के गर्ने अन्यौल छ। अदालतमा दर्जनौँ मुद्दा खेपिरहेकाहरु सुशासनको चर्को भाषण गरिरहेका छन्। नेपालको विकासमा सहयोग गर्ने भन्दै एनजिओ र आइएनजिओले अर्बौं बजेट खर्च गरेपनि उपलब्धि नभएको तथ्यले देखाउँछन्। तर, अहिले तिनै एनजिओ र आइएनजीओ चलाइहरेकाहरू राजनीतिमा आएर देश बनाउने गफ गरिरहेका छन्। तर, कसरी ? प्रश्नको जवाफ कोही दिँदैन।

कोही चुनाव जितेमा फलानो नेतालाई जिल्लामा ल्याइदिन्छौँ भन्छ, कोही भ्रष्टाचार अन्त्य गर्न गरिबले राजनीति गर्न नहुने बताउँछ। कोही फुटबल खेलाडी रोनाल्डोलाई २ अर्ब दिएर नेपालको पानीको विज्ञापन गर्न लगाउनुपर्छ भन्छ, कोही गाई राष्ट्रिय जनावर हो भने कुकुर पनि हो भन्छ। विडम्बना, समाजका कथित सेलिब्रेटी भनिएका कतिपय व्यक्तिहरू त्यसकै पछि लागेका छन्। पुराना दलहरूसँग हजारौँ प्रश्न छन्। उनीहरूले गरेका कमजोरीका कारण नै मुलुक अहिलेको अवस्थामा आइपुगेको हो। एमाले र काँग्रेसले दुईतिहाइको शक्ति भएको आडमा जनतालाई नहेपेको भए भदौ २३ को विद्रोह हुने थिएन। नेपालमा दुई दलीय व्यवस्था लागू गर्ने र दशकौँसम्म दुई दलको शासन चलाउने घोषित नीतिसहित उनीहरूले दलाल र माफियाको संरक्षण गर्दै चलाएको कुशासन जेनजी आन्दोलनको आधार बन्यो ।

त्यसमाथि सरकारले गरेको बर्बर दमनले चर्काएको असन्तोषमा प्रतिगामी शक्तिदेखि नेपाललाई कमजोर बनाउने र सार्वभौमसत्ता नियन्त्रणमा लिन चाहने शक्तिकेन्द्रको चलखेलमा मुलुक ध्वस्त बनाइयो। ती दुई दिनका घटनामा संलग्न अपराधीहरूलाई कारबाही गर्नुपर्ने हो। तर, आन्दोलनको जगमा बनेको भनिएको सरकार पनि त्यसलाई ती अपराधी संरक्षण गर्ने प्रयासमा छ।

**–बाँकी तीन पेजमा**

## एजेण्डाविहीन...

त्यही भएर जाँचबुझ आयोगको प्रतिवेदन चुनाव अगाडि सार्वजनिक नगर्ने योजना सरकारले बनाएको छ। यस्तो समयमा समाजका सचेत वर्ग र बुद्धिजीवीहरू कि त मौन छन् कि त एउटा अदृश्य डरले मृतप्राय अवस्थामा पुगेका छन्। सञ्चार माध्यमहरू गम्भीर मुद्दाको खोजी गर्नुको साटो भाइरलको पछाडि लागेका छन्। कसले कसलाई गाली गऱ्यो, कसले के खायो र कसले के लुगा लगायो भन्ने जस्ता सतही कुरामा अल्झिएका छन्।

नयाँ भनिनेहरूले विगतमा के गरे ? उनीहरूका सबल र दुर्बल पक्ष के हुन् ? पुराना भनिएकाहरूको कमजोरी कति हो ? उनीहरूको योगदान कति हो ? यसको समीक्षा बौद्धिक जगत् र मिडियामा हुनुपर्ने हो। तर, त्यो भइरहेको छैन। कुनै समय केपी ओलीको प्रशंसा गर्दा साइबर हमलामा परेका प्रकाश सपुत अहिले तिनै साइबर हमला गर्नेहरूको समूहमा छन्। उनी पनि आफूलाई नयाँ अभियन्ता बताइरहेका छन्। १५ दिन अगाडि 'कुलमान घिसिङ नेपालको हिरो हो, अब उ प्रधानमन्त्री हुनुपर्छ' भन्ने रिमा विश्वकर्मा सांसद बन्नका लागि कुलमानलाई धोका दिन्छिन्। अनि उनैले नैतिकता र नयाँ आचरणको पाठ पढाइरहेकी छन्।

सामाजिक सञ्जालको एल्गोरिदमले आम मतदाताको विवेकलाई नियन्त्रणमा लिएको छ, जसका कारण नीति र विचारमाथि प्रश्न गर्नेहरूलाई 'साइबर हमला' मार्फत चुप लगाइन्छ। दलाल, भोले, एजेन्टको ट्याग भिराइन्छ। भूराजनीतिको जटिलताबारे बोल्न कोही तयार छैन, किनकि बोलेपछि चरित्रहत्या सुरु हुन्छ। यसरी लोकतन्त्र प्रश्नबाट होइन, डरबाट चलाइँदै छ। यदि लोकतन्त्रमा प्रश्नहरू मर्छन् र केवल भीडको आवाज मात्र सुनिन्छ भने, त्यसले मुलुकलाई सुधार होइन, अधिनायकवाद र अराजकतातिर लैजान्छ। एउटा अहङ्कारको अन्त्य गरेर अर्को अहङ्कारलाई स्वागत नेपाली जनताको चाहना हैन। तर, त्यो बाध्यता जस्तो बन्दै गएको देखिन्छ।

यो निर्वाचनमा मतदाताले केवल अनुहार र चर्का कुरालाई होइन, उम्मेदवारको योजना, आचरण र राष्ट्रिय मुद्दामा उनीहरूको स्पष्टतालाई हेर्नुपर्ने हो। तर, जिम्मेवारी र उन्माद, नीति र नारावाद, लोकतन्त्र र भीडतन्त्रबिचको संघर्षजस्तो बन्दैछ। मतदाताले प्रश्न गर्न छाडे, मिडियाले खोजी गर्न छाडे र बुद्धिजीवीले बोल्न छाडे भने 'नयाँ' को नाममा पुरानाभन्दा खतरनाक राजनीतिक संस्कृति स्थापित हुनेछ। त्यसको मूल्य भने अन्ततः देश र नागरिकले तिर्नुपर्नेछ। गाली संस्कृतिले खडा गरेको यो अवस्थाले देशको भूगोल र संस्कृति मात्र होइन, नागरिकको भविष्यसमेत जोखिममा पार्ने निश्चित छ। बाह्रखरीबाट

## १० वर्षदेखि ...

र आउन जान सास्ती खेप्नु परेको छ।'

सडक डिभिजन कार्यालय जनकपुरका अनुसार २०७६ पुस १९ गते पुलको काम सम्पन्न गर्ने गरी २०७४ असार १९ गते ठेक्का दिइएको थियो। पुलको लम्बाइ १ सय २० मिटर र चौडाइ ११ मिटर छ। निर्माण कम्पनीले १२ करोड ३५ लाख ६३ हजार २ सय २४ रुपैयाँमा निर्माणको जिम्मा पाएको हो। ठेक्काको समयसीमा नाघेपछि २०८० साल असार मसान्तसम्म म्याद थप गरेको थियो। म्याद थप गरिए पनि निर्माण कम्पनीले हालसम्म पुल निर्माणको कामलाई अगाडि बढाएको छैन।

यसैगरी काम सम्पन्न हुन नसक्दा २०८२ मसान्तसम्म तेस्रोपटक म्याद थप गरिएको डिभिजन कार्यालय जनकपुरका सीडीई दारोगा प्रसादले जानकारी दिए। पुल निर्माणको ठेक्का पाएको पप्पु कमल जेभी निर्माण कम्पनीका तत्कालीन समयका मालिक किशोरी साह 'कमल' थिए। उनी प्रतिनिधिसभा निर्वाचन २०७४ मा नेकपाबाट प्रदेशसभामा निर्वाचित भएका थिए। निर्वाचनअघि उनले आफ्नो नामको कम्पनी अन्य व्यक्तिको नाममा स्थानान्तरण गरेका थिए। हाल जलाद खोला पुलको अख्तियारी सञ्जीव साह भन्ने नातेदारलाई अख्तियारी दिएर काम गराइरहेका छन्। डिभिजन सडक कार्यालय जनकपुरका प्रमुख सीडीई दारोगा प्रसादका अनुसार विगतमा ठेकेदारको लापरबाहीले पुल निर्माणको काममा ढिलाइ भएको हो। उनले भने, 'पुरानो फाइल हेर्दा पटक-पटक ताकेता गरेको देखिन्छ। तर, ठेकेदार कम्पनीले पुल निर्माणमा सक्रियता नदेखाएको पाइएको छ। तर, म आएपछि काममा तीव्रता पाएको छ।' हाल पुल निर्माणको प्रगति ७५ प्रतिशतको दाबी गरिए पनि दुईवटा स्पामको काम पनि पूर्ण हुन सकेको छैन।

ठेक्का सकार गरेको अढाई वर्षमा बन्नुपर्ने पुल सात वर्षमा पनि नबनेपछि स्थानीयले तत्काल पुल निर्माणको माग गर्दै पटक-पटक दबाबका कार्यक्रम गर्दै आएका छन्। २०८० माघ ३ गते तत्कालीन सडक डिभिजन कार्यालय जनकपुरका प्रमुख अरुणकुमार लाल कर्णको अध्यक्षतामा बसेको बैठकले २०८१ जेठ मसान्तभित्र निर्माण सम्पन्न गर्ने काम अगाडि बढाउने सहमति भएको थियो। द्विपक्षीय सम्झौतामा दोस्रो स्पान २०८० फागुन १० भित्र, तेस्रो (अन्तिम) स्पान २०८० जेठ मसान्तभित्र सम्पन्न गर्ने उल्लेख छ। त्यसैगरी, २०८१ असार मसान्तभित्र यातायात सञ्चालन हुने गरी माटो तथा ग्राभेलको काम सम्पन्न हुनेगरी सम्झौता भएको थियो।

तर, सम्झौता कागजको खोस्टामा सीमित भएको नेपाली कम्युनिस्ट पार्टीका नेता शिवशंकर महतोको भनाइ छ। उनले भने, 'सम्झौता त भयो तर कार्यान्वयन भएन। हालसम्म पनि ६५ प्रतिशत जति काम भएको छ। हामी भुइँमान्छेको आवाज कसैले सुनिदिएन। एमालेका नेता तथा भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठ, तत्कालीन एकीकृत समाजवादी नेता भौतिक पूर्वाधारमन्त्री किसान श्रेष्ठलगायत नेता आएर आश्वासन दिए पनि काम भएन।

## घरबाटे सिफारिसकै ...

बनाउन वा अरू केही प्रमाणपत्र बनाउन आएका होइनन्, आफ्नो वडा कार्यालयबाट पाउनुपर्ने घरबाटे सिफारिस नपाएपछि उनी यहाँ गुहार्न आइपुगेका हुन्। तर, जिल्ला प्रशासन कार्यालयमै पनि दुई सातादेखि भौतारिँदा पनि उनले समाधान पाएका छैनन्। विनोदकी पत्नी कुसुमदेवी मण्डलको नाममा रहेको साबिक मझौलिया-४ को कित्ता नम्बर ६६६ को ५ कट्ठा १५ धुर जग्गाको घरबाटे सिफारिसका लागि मण्डल दम्पती पुष ९ मा वडा कार्यालयमा निवेदन दिएका थिए।

वडा कार्यालयका कर्मचारीले सोही दिन निवेदन र जग्गाको निरीक्षणका आधारमा घरबाटे सिफारिस तयार पारिदिए। त्यस पत्रमा उक्त जग्गामा घर तथा बाटो दुबै नभएको र जग्गा कृषियोग्य रहेको उल्लेख छ। मण्डल दम्पती उक्त पत्र लिएर वडाध्यक्ष रामकिशोर यादवकहाँ गए। तर, उनले त्यसमा हस्ताक्षर गरिदिएनन्। उनीहरू फेरि भोलिपल्ट वडाध्यक्ष यादवकहाँ गए। तर, जति अनुनय गर्दा पनि उनी टसमस भएनन्। फेरि त्यसको चार दिनपछि केही स्थानीय भद्रभलाद्मीसहित उनी वडाध्यक्ष यादवकहाँ पुगे। तर, वडाध्यक्ष यादवले आफू कुनै पनि हालतमा सही नगरिदिने जवाफ दिएको विनोदले सुनाए।

कसैगरी वडाध्यक्षले सिफारिस पत्रमा हस्ताक्षर नगरिदिएपछि विनोदले पुष १९ मा जिल्ला प्रशासन कार्यालय, सिरहामा उजुरी दिए। जिल्ला प्रशासन कार्यालयले सिफारिस नदिनुको कारण लेखी पठाउनु भनेर सोही दिन वडा कार्यालयलाई पत्र काट्यो। त्यसपछि अब केही हुन्छ कि भनेर फेरि वडा कार्यालय पुगेका विनोदलाई वडाध्यक्ष यादवले जग्गाको मुचुल्का लिएर आए मात्रै केही भन्ने जवाफ दिए। पुष २३ मा मण्डलले वडासदस्य मोहम्मद अल्लुदीनसहित अन्य पाँच स्थानीयसँग जग्गाको निरीक्षण गराएर हस्ताक्षरसहितको मुचुल्का तयार गराई वडाध्यक्ष यादवकहाँ गए। तर, वडाध्यक्ष यादवले फेरि गालीगलौज गर्दै फर्काइदिएको विनोदले बताए। त्यसयता उनी दैनिकजसो जिल्ला प्रशासन कार्यालयमा चक्कर लगाइरहेका छन्। 'मैले पटक-पटक अनुनय गरेँ, तर उहाँले तिम्रो काम गर्दिनँ, जे मन लाग्छ गर, जहाँ जानुछ जाउ भनेर सिफारिस पत्रमा सही गरिदिनुभएन,' विनोदले सुनाए, 'दुई महिनादेखि यही झमेलामा फसेको छु, म त हैरान भइसकेँ, हामी गरिब मान्छेलाई सुन्ने कोही हुँदो रहेनछ।'

# खोक्रो आश्वासन होइन, विश्वासिलो योजनाका आधारमा मत दिने मुडमा सर्लाही-३ का मतदाता

**नवीन प्रियदर्शी**

जनकपुरधाम, ५ फाल्गुन। प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति नजिकिँदै जाँदा उम्मेदवारहरू चुनाव प्रचारप्रसारमा होमिएका छन्। सोही क्रममा सर्लाही क्षेत्र नम्बर ३ का उम्मेदवारहरू पनि आफ्नो पक्षमा मत तान्न औपचारिक रूपमा प्रचारप्रसारमा सक्रिय भएका छन्। उम्मेदवारहरू मतदाताको घरदैलो र भेटघाट कार्यक्रममा व्यस्त छन्। मतदाताहरू भने यस पटक विगतभन्दा फरक ढंगले सोचेर मत दिने मुडमा देखिन्छन्। विगतका निर्वाचनमा दलहरू र उम्मेदवारहरूले दिएका खोक्रा आश्वासन अलपत्र परेको भन्दै उनीहरू आफ्नो समस्या समाधान गर्ने विश्वासिलो र भरपर्दो उम्मेदवारलाई मत दिने योजनामा देखिएका हुन्।

विगतका निर्वाचनमा जितेका जनप्रतिनिधिबाट अपेक्षाअनुसार विकास नभएको भन्दै मतदाताहरूमा असन्तुष्टि देखिएको छ। सर्लाही-३ को चक्रघट्टा गाउँपालिका-२ का राजनारायण रायले आफ्नो क्षेत्रमा आधारभूत पूर्वाधारको अभाव रहेको गुनासो गरे। उनले भने, 'हाम्रो क्षेत्रमा गुणस्तरीय बाटोघाटो छैन। कृषकलाई सुविधा हुने कुनै पनि काम भएको छैन।' नेताहरू चुनावका बेला आएर विभिन्न आश्वासन दिने गरे पनि व्यवहारमा काम हुन नसकेको रायको गुनासो छ। बरहथवा नगरपालिका-५ का परीक्षण साहले किसानको समस्या अझै समाधान नभएको बताए। 'हाम्रो क्षेत्रमा उखु खेती मुख्य पेसा हो, तर उखुको बाँकी बक्यौता र भुक्तानीको समस्या समाधान गर्न हामीले जिताएका सांसदले पनि पहल गरेनन्,' उनले भने, 'विगतमा हामीलाई धोका दिइसकेका दल र उम्मेदवारलाई त अब कसरी विश्वास गर्नु र ?'

चक्रघट्टा गाउँपालिका-४ का ज्येष्ठ नागरिक सिया साहले विकाससँगै सामाजिक सुरक्षाको आवश्यकता औँल्याए। उनले भने, 'हाम्रो क्षेत्रमा बाटोघाटोको व्यवस्थामात्र होइन, बेरोजगारी समस्या समाधान हुनुपर्छ र हामी वृद्धवृद्धाहरूका लागि वृद्धाश्रमको व्यवस्था हुनुपर्छ।' यस्तै हरिवन नगरपालिका वडा नम्बर ३ का अशोक झाले सर्लाही जिल्ला उखु र तरकारी उत्पादनमा अगाडि भए पनि किसानले आवश्यक सहयोग नपाएको बताए। उनले भने, 'हामी कृषकका लागि समयमा मल, सिँचाइ र बजार व्यवस्थापन हुँदैन, नेताहरूले खाली आश्वासन मात्रै दिने गरेका छन्।'

यता कविलासी नगरपालिका ६ का हरिहर यादवले यसपटक दलभन्दा विकासलाई प्राथमिकता दिने बताए। उनले भने, 'अब हामी दलको पछाडि लाग्ने छैनौँ। युवाका लागि स्वरोजगार सिर्जना गर्ने र भ्रष्टाचारविरुद्ध आवाज उठाउने विश्वासिलो आधार लिएर आउने उम्मेदवारलाई मत दिनेछौँ। अब हामी परिवर्तन चाहन्छौँ।' यस्तै बरहथवा नगरपालिका १२ का दिनेश्वर गुप्ताले डुबान र आगलागी नियन्त्रणका लागि अहिलेसम्म ठोस व्यवस्था नभएको गुनासो गरे। उनले भने, 'हाम्रो क्षेत्रमा बर्सेनि डुबान र आगलागीको समस्या हुने गर्छ, तर यसको स्थायी समाधानका लागि अहिलेसम्म कुनै ठोस योजना आएको छैन।'

निर्वाचन क्षेत्र नम्बर ३ अन्तर्गत हरिवन नगरपालिका, बागमती नगरपालिका र चक्रघट्टा गाउँपालिका पूर्ण रूपमा पर्छ भने बरहथवा नगरपालिकाको वडा नम्बर ५ देखि १२ र १६ देखि १८, कविलासी नगरपालिका वडा नम्बर ३ देखि ६, बसबरिया गाउँपालिका वडा नम्बर ४ देखि ६ तथा हरिपुर नगरपालिका वडा नम्बर १ यस क्षेत्रमा पर्छन्। यस क्षेत्रमा प्रमुख रूपमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नारायणकाजी श्रेष्ठ, नेकपा एमालेका हरिप्रसाद उप्रेती, नेपाली कांग्रेसका विनोद कुमार खनाल र राष्ट्रिय स्वतन्त्र पार्टीबाट नरेन्द्र साह कलवारसहित अन्य उम्मेदवारहरू चुनावी प्रतिस्पर्धामा छन्।

विगतको प्रतिनिधि सभा निर्वाचनमा यस क्षेत्रमा नेकपा एमालेका हरिप्रसाद उप्रेती ३२ हजार ९३८ मत प्राप्त गर्दै विजयी भएका थिए भने उनका निकटतम प्रतिस्पर्धी तत्कालीन नेकपा माओवादी केन्द्रका उम्मेदवार नरेन्द्र साहले ३२ हजार १६८ मत प्राप्त गरेका थिए। यस क्षेत्रका मतदाताहरू अहिले विगतका अनुभवबाट सिक्दै विकास, कृषि, रोजगारी, उखु किसानको भुक्तानी, डुबान नियन्त्रण तथा भ्रष्टाचार नियन्त्रणजस्ता मुद्दालाई प्राथमिकता दिने उम्मेदवारलाई मत दिने मनस्थितिमा देखिएका छन्।

# मत सर्वेक्षण गरेर मतदातालाई भ्रममा नपार्नु : निर्वाचन आयोग



काठमाडौँ, ५ फाल्गुन। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनको नतिजाबारे अनुमान गर्ने वा मत सर्वेक्षण गरी सार्वजनिक गर्ने कार्यप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको बताएका छन्। मंगलबार काठमाडौँमा आयोजित मतदाता शिक्षा तथा प्रचार प्रसार सम्बन्धी छलफलमा उनले यस्ता गतिविधिले मतदाताको स्वतन्त्र निर्णय लिने अधिकारलाई दिग्भ्रमित तुल्याउने स्पष्ट पारेका हुन्।

भण्डारीले मतदान हुनुअघि नै हारजितको अड्कलबाजी गर्दा उम्मेदवारहरू हतोत्साहित हुने र स्वस्थ प्रतिस्पर्धाको वातावरण खल्बलिने बताए। 'अनुमानका भरमा नतिजा सार्वजनिक गर्दा निर्वाचनको निष्पक्षतामा प्रश्न उठ्छ,' उनले भने, 'यस्ता कार्य निर्वाचन आचारसंहिता विपरीत हुन्, त्यसैले कसैले पनि मत सर्वेक्षण सार्वजनिक नगर्नुहोला।' उनले सञ्चारमाध्यमलाई चौथो अङ्गको जिम्मेवारी वहन गर्दै संयम अपनाउन र निर्वाचनको मर्यादा राख्न समेत आग्रह गरे। पछिल्लो समय प्रविधिको दुरुपयोग बढ्दै गएकोप्रति सङ्केत गर्दै प्रमुख आयुक्त भण्डारीले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग गरी भ्रमपूर्ण सामग्री सामाजिक सञ्जालमा नफैलाउन चेतावनी दिएका छन्। प्रविधिले सूचना प्रवाहमा सहजता ल्याए पनि यसको गलत प्रयोगले निर्वाचनलाई नै धराशायी बनाउन सक्ने जोखिम रहेको उनको भनाइ छ। यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई सफल पार्नु सबैको साझा संवैधानिक कर्तव्य भएको भन्दै उनले प्रेस स्वतन्त्रताको उपभोग गर्दा मतदाताको गोपनीयताको अधिकारलाई ख्याल गर्न समेत सुझाएका छन्। आयोगले निर्वाचनलाई स्वच्छ र भयमुक्त वातावरणमा सम्पन्न गराउन सबै पक्षको सकारात्मक भूमिकाको अपेक्षा गरेको छ।

# सब-इन्जिनियरको हत्या अनुसन्धानमा ढिलाइ, मृतकको मोबाइलको सम्पर्क विवरण हेरिँदै



काठमाडौँ, ५ फाल्गुन। सर्लाहीमा फागुन ३ मा साँझ गोली प्रहार बाट सब-इन्जिनियर प्रमोद कुमार यादवको हत्या भयो। मलंगवा नगरपालिका-१० मा डेरा गरेर बस्दै आएका यादवलाई दुई जना मानिसले घर बाहिर बोलाएर गोली प्रहार गरेका हुन्। भेट्न बोलाएपछि बाहिर निस्कँदा हत्यामा संलग्नहरूले उनको छातीमा गोली प्रहार गरेर फरार भए। प्रहरीले अहिलेसम्म हत्यामा संलग्नहरूबारे कुनै क्लू फेला पार्न सकेको छैन। घटनाबारे जिल्ला प्रहरी कार्यालय सर्लाहीका डीएसपी सरोज राई भन्छन्, 'केही पनि पत्ता लागेको छैन।'

नेपाल इन्जिनियर्स एशोसिएसनले मंगलबार गृहमन्त्री ओमप्रकाश अर्याललाई भेटेर हत्यारालाई तत्काल पक्राउ गरेर कारबाही गर्न माग गरेको छ। एशोसिएसनका पदाधिकारीहरूले इन्जिनियरहरूको सुरक्षा सुनिश्चित गर्न पनि माग गरेका छन्। ज्ञापन पत्र बुझाउँदै एशोसिएसनका केन्द्रीय सदस्य इन्जिनियर विक्रम कुमार दासले इन्जिनियर र प्राविधिक कर्मचारीको सुरक्षाको विषय राज्यले नजरअन्दाज गर्न नहुने बताए। पेसागत सुरक्षाको लागी प्रभावकारी कदम नचाले देशभरका इन्जिनियरहरू आन्दोलनमा उत्रन बाध्य हुने एसोसिएसनले चेतावनी दिएको छ। सब-इन्जिनियर यादवको हत्याबारे अनुसन्धान गर्न मधेस प्रदेश प्रहरी कार्यालय र वीरगन्ज स्थित नेपाल प्रहरी प्रदेश कार्यालयबाट पनि अनुसन्धान अधिकृतहरू खटिएका छन्। मधेस प्रदेशका डीआईजी गोविन्द थपलियाले हत्यामा संलग्नहरूबारे अनुसन्धान भइरहेको बताए। उनले भने, 'प्रदेश र नेपाल प्रहरी प्रदेश कार्यालयबाट टोली खटाएर हत्यामा संलग्नहरूको खोजी गर्ने काम भइरहेको छ।'

पूर्वाधार विकास कार्यालयका सर्लाहीमा कार्यरत सब-इन्जिनियर यादव डेरामा बसिरहेको बेलामा घर बाहिर आएर सुटरले नै उनलाई बोलाएका हुन्। सुटर परिचालन कसले गरेको थियो भन्नबारे प्रहरीले अनुसन्धान गरिरहेको भए पनि अनुसन्धानमा ढिलाइ भएको भन्दै पेशागत संघसंस्थाहरूले विरोध गरिरहेका छन्। कर्मचारी मिलन केन्द्र र सर्लाहीमा क्रियाशील सबै ट्रेड युनियनहरूले मंगलबार जिल्लाभर पेन डाउन गर्न आग्रह गरेका छन्। अनुसन्धान अधिकृतहरूले मृतकको मोबाइलमा भएको सम्पर्क विवरण विश्लेषण गरिरहेका छन्। अनुसन्धानमा संलग्न एक जना अधिकृत भन्छन्, 'मोबाइल मार्फत भएको कुराकानीको आधारमा योजनाकार सम्म पुग्ने प्रयास गर्दै छौं।' यादवको शव मलंगवा प्रादेशिक अस्पतालमा पोस्टमार्टम गरिएको थियो।

**लघुवित्त लुट्नेहरू पनि पक्राउ परेनन्**

सर्लाहीको लालबन्दी नगरपालिका वडा नम्बर-७ मा माघ २२ मा लघुवित्तमा लुटपाट भएको थियो। चार-पाँच जना लुटेराहरूले छिमेकी लघुवित्त संस्थाबाट ८५ हजार नगद र कर्मचारीसँग भएको २ हजार लुटेर फरार भएका थिए। लुटेराहरूले चक्कु देखाएर लुटपाट गरेको लघुवित्तका कर्मचारीले प्रहरीलाई बताएका छन्। सो लुटमा संलग्न प्रतिवादीहरू पनि पक्राउ परेका छैनन्। मलंगवामा दिउँसो सवा ४ बजे लुटपाट भएको हो। लुटेराहरूले सिसिटिभीको हार्डडिस्क पनि लिएर भागेका थिए।

# मुसहर समुदायले मदिरा बिक्री-वितरण बन्द गर्ने उम्मेदवारलाई मत दिने



**सुधा देव**

सप्तरी, ५ फाल्गुन। विष्णुपुर गाउँपालिका-६, गोरगामाका मुसहर समुदायले रक्सी बिक्री बन्द गर्ने प्रतिबद्धता जनाउने उम्मेदवारलाई मतदान गर्ने बताएका छन्। मुसहर समुदायमा अत्यधिक मदिरा सेवनका कारण सामाजिक र आर्थिक समस्या बढ्दै गएको भन्दै रक्सी बिक्री-वितरणमा रोक लगाउने उम्मेदवारलाई मत दिने निर्णय गरिएको स्थानीय ५० वर्षीया कुमीदेवी सदाले बताउनुभयो। "मुसहर समुदायको विकासमा सबैभन्दा ठुलो बाधक रक्सी बनेको छ," उहाँले भन्नुभयो, "दिनभरि मजदुरी गरेर कमाएको पैसा बेलुकी रक्सीमै सकिने प्रवृत्तिका कारण जीवनस्तर उकास्न सकेका छैनौँ। त्यसैले रक्सीमा रोक लगाउने उम्मेदवारलाई मतदान गर्ने योजना बनाएका छौँ।"

स्थानीयका अनुसार बस्ती नजिकै एक दर्जनभन्दा बढी रक्सी पसल सञ्चालनमा छन्। ६४ वर्षीया आशोदेवी सदाले पसल बन्द नभएसम्म समस्या समाधान नहुने बताउनुभयो। "घरका पुरुषहरूलाई रोक्न खोज्दा पनि विभिन्न बाटोबाट रक्सी किनेर ल्याउँछन्," उहाँले भन्नुभयो। उहाँका अनुसार विगत पाँच दशकमा धेरै चुनाव भए, नेताहरू फेरिए, आश्वासन र प्रतिबद्धता पनि धेरै आए, तर मुसहर समुदायको अवस्था भने फेरिन सकेको छैन। "रक्सी बिक्री-वितरण बन्द गरी हाम्रो अवस्था परिवर्तन गर्ने उम्मेदवारलाई नै मत दिन्छौं," उहाँले स्पष्ट पार्नुभयो। घरका अभिभावकले दिनहुँ कमाएको रकम रक्सीमै खर्च गर्दा काममा नजाने दिन परिवार भोकै बस्नुपर्ने अवस्था आउने गरेको स्थानीयको भनाइ छ। छोराछोरीको शिक्षामा खर्च गर्न नसकिएको र नयाँ पुस्तामा समेत रक्सी सेवनको प्रवृत्ति बढ्दै गएको उनीहरूले बताएका छन्। यस वडामा करिब दुई सय घरधुरी रहेको र रक्सीका कारण प्रत्येक वर्ष दुईदेखि चार जनासम्मको मृत्यु हुने गरेको वडाका पूर्व अध्यक्ष बहादुर सदाले जानकारी दिनुभयो। नेपाल सरकारले रक्सी बिक्री-वितरण नियन्त्रण गर्न नसके मुसहर समुदायको समस्या समाधान नहुने उहाँको भनाइ छ।

# बदलिएको कांग्रेसले जनताको माग पूरा गर्ने दाबी, आलमको घरदैलो तीव्र



**प्रवीणकुमार शर्मा**

रौतहट, ५ फाल्गुन। रौतहट क्षेत्र नं. २ को समग्र विकास 'बदलिएको कांग्रेस'बाट मात्र सम्भव हुने दाबी गर्दै नेपाली कांग्रेस का तर्फबाट उम्मेदवार बनेका ३९ वर्षीय युवा मो. फिरदोश आलमले घरदैलो कार्यक्रम तीव्र बनाउनुभएको छ। यस क्षेत्रका जनताको समस्या समाधान नेपाली कांग्रेसले मात्र गर्न सक्ने भन्दै उहाँले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा आफूलाई विजयी गराउन मतदातासँग आग्रह गरिरहनुभएको छ। नेपाल तरुण दल का केन्द्रीय सदस्य मो. नौशाद आलमका अनुसार हरेक युवाको मनोभावनाअनुसार कांग्रेस रुपान्तरित भएको छ र युवाको इच्छा-आकांक्षा पूरा गर्न सक्षम रहेको सन्देश घरदैलोमार्फत दिइँदैछ। उम्मेदवार आलमले मतदातालाई रुख चिन्हमा मतदान गर्न आग्रह गरिरहनुभएको छ।

'जेनजी आन्दोलन'पछि कांग्रेस पुनर्जन्म र रूपान्तरण भएको दाबी गर्दै उहाँले पार्टी सभापति गगन कुमार थापाको नेतृत्वमा सुशासन, पारदर्शिता र जवाफदेहितालाई प्राथमिकता दिइने बताउनुभयो। व्यवस्था परिवर्तन भए पनि अवस्था परिवर्तन हुन नसकेको भन्दै अब अवस्था परिवर्तन कांग्रेसकै नेतृत्वमा सम्भव हुने विश्वास दिलाउन आफू निरन्तर लागिरहेको उहाँको भनाइ छ। उहाँका अनुसार क्षेत्र नं. २ का मुख्य समस्या युवाको विदेश पलायन, कृषिमा सिँचाइ अभाव, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको कमी हुन्। यी समस्या समाधानमा आफू गम्भीरतापूर्वक लाग्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो।

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा आफूलाई मत नदिएका मतदाताबाट समेत यसपटक समर्थनको आश्वासन प्राप्त भइरहेको दाबी गर्दै उहाँले जित्ने आधार बलियो बन्दै गएको बताउनुभयो। हजुरबुबादेखि नै परिवार जनतासँग प्रत्यक्ष सम्पर्कमा रहेकाले जनताको समर्थन आफू पक्षमा रहेको उहाँको भनाइ छ। २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसका उम्मेदवार मो. आलमले २८ हजार २४८ मत प्राप्त गर्नुभएको थियो। त्यसबेला स्वतन्त्र उम्मेदवार किरणकुमार साह ३२ हजार ८४२ मतसहित विजयी हुनुभएको थियो। साह हाल नेपाल कम्युनिष्ट पार्टी (एमाले) का तर्फबाट रौतहट-२ मा उम्मेदवार छन्। रौतहट क्षेत्र नं. २ मा अन्य उम्मेदवारहरूले पनि घरदैलो कार्यक्रमलाई निरन्तरता दिएका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# पूर्वमन्त्री जितेन्द्रनाराण देव नेपाली कांग्रेसमा प्रवेश



**विनय कर्ण**

सप्तरी, ५ फाल्गुन। फागुन ५ गते। नेकपा (एमाले) परित्याग गर्नुभएका पूर्वमन्त्री जितेन्द्रनाराण देव नेपाली कांग्रेसमा प्रवेश गर्नुभएको छ। राजविराजस्थित कांग्रेस पार्टी कार्यालयमा मंगलबार आयोजित पार्टी प्रवेश कार्यक्रममा देवसहित एक दर्जन नेता कार्यकर्ता कांग्रेसमा प्रवेश गर्नुभएको हो। उहाँलाई नेपाली कांग्रेसका जिल्ला सभापति रामदेव साह, उपसभापति रामकुमार यादव, सचिव सनतकुमार मण्डल र नवनिर्वाचित राष्ट्रियसभा सदस्य रञ्जित कर्णले फुलमाला, अविर लगाएर पार्टी प्रवेश गराउनुभयो। पार्टी प्रवेशपछि देवले नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट पारित नीति, विचार, योजना र प्रतिबद्धतालाई आत्मसात गर्दै कांग्रेस पार्टीमा प्रवेश गरेको बताउनुभयो।

उहाँले गगन थापा नेतृत्वको कार्यसमिति प्रति विश्वास जागेर कांग्रेसमा फर्किएको स्पष्ट पार्नुभयो। कांग्रेसको विशेष महाधिवेशनले पारित गरेको नवीन नीति र नयाँ सोचको नयाँ नेतृत्वले देशमा सामाजिक, राजनीतिक रूपान्तरणको अभियानलाई प्रभावकारी र निर्णायक ढङ्गले अघि बढाउने र पार्टीलाई बदल्ने कार्य सुरु गरे जस्तै देशलाई पनि जनहितमा बदल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। विद्यार्थी कालदेखि राजनीतिमा लाग्नुभएका देव एमाले, मधेशी जनाधिकार फोरम लोकतान्त्रिक हुँदै कांग्रेस पार्टीमा आएर राष्ट्रिय सभा सदस्य समेत बन्नुभएको थियो। राष्ट्रिय सभाको पदावधि सकिएपछि पुनः एमालेमा प्रवेश गर्नुभएको उहाँले केही दिन अघि सप्तरीमा पत्रकार सम्मेलन गरेर एमाले परित्यागको घोषणा गर्नुभएको थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८४२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)